पाल्हीनन्दन गाउँपालिका

स्थानीय- राजपत्र

पाल्हीनन्दन गाउँपालिका द्वारा प्रकाशित

खण्डः- २ संख्याः- ९ मितिः- २०८२/०९/१४

भाग-२

मध्यम र समान्य(ग र घ वर्ग) अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन मापदण्ड, २०८२

पाल्हीनन्दन गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

कुश्मा, नवलपरासी (ब.सु.प.)

लुम्बिनी प्रदेश, नेपाल

मध्यम र सामान्य (ग र घ वर्ग) अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन मापदण्ड, २०८२

स्वीकृत मिति

प्रमाणिकरण मितिः- २०८२।९।२१

१. पृष्ठभुमिः-

विकासको मूल प्रवाहमा आउन नसकेका अति विपन्न तथा स्रोतमा पहुँच नपुगेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, आदिवासी/जनजाती, सिमान्तकृत वर्ग, पिछडा वर्ग, दलित, मुस्लिम समुदायको जीवन स्तरमा सुधार ल्याउने अभिप्रायले लक्षित वर्ग उत्थान, सशक्तिकरण एवम् सामाजिक समावेशीकरण कार्यक्रमलाई प्राथमिकतामा राख्दै आएको छ ।अपाङ्गता भएका व्यक्तिहरुलाई विकासका हरेक क्रियाकलापहरुमा समाहित गर्दै उनीहरुको सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न विभिन्न गतिविधीहरु संचालन गर्दै आएको छ । राज्यले पूर्ण अशक्त अपाङ्गता र अति अशक्त अपाङ्ग भएका व्यक्तिहरुलाई स्वास्थ्य सेवाका साथै मासिक रुपमा सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्दै आएको छ । यस्तो सुविधाबाट हालसम्म बन्चित रहेका पाल्हीनन्दन गाउँपालिका भित्रका सबै वडामा रहेका मध्यम (ग र घ वर्ग) अपाङ्गता भएका व्यक्तिहरुका लागि निःशुल्क स्वास्थ्य बीमा गर्ने कार्यक्रमलाई महत्वका साथ अगाडी बढाउन र कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकोले मध्यम र सामान्य (ग र घ वर्ग) अपाङ्गताको परिचयपत्र प्राप्त व्यक्ति एवं परिवारका लागि स्वास्थ्य बीमा कार्यक्रम संचालन मापदण्ड, २०८२ तयार गरिएको छ ।

प्रमुखप्रशासकीय अधिकृत

२. उद्धेश्यः-

२.१ मध्यम र सामान्य ग र घ वर्गको अपाङ्गता भएका व्यक्ति लगायत परिवारका ५ (पाँच) जना सदस्य सम्म निःशुल्क स्वास्थ्य बीमाको सुनिश्चितता भएको हुने ।

२.२ मध्यम र सामान्य ग र घ वर्गको अपाङ्गता भएका व्यक्ति एवं निजका परिवारका सदस्यहरुलाई सामाजिक सुरक्षाको प्रत्याभूती गराउने ।

२.३ मध्यम र सामान्य ग र घ वर्गको अपाङ्गता भएका व्यक्तिहरुको आत्म सम्मानमा वृद्धि तथा सहज स्वास्थ्य उपचार पाउने अधिकारको सुनिश्चिता गर्ने ।

३. आधारहरुः-

३.१ स्वास्थ्य बीमा सुविधा लिनका लागि पाल्हीनन्दन गाउँपालिकाले प्रदान गरेको मध्यम र सामान्य ग र घ वर्गको अपाङ्गताको परिचयपत्र प्राप्त गरेको व्यक्ति हुनुपर्ने ।

३.२ साविक महिला तथा बालबालिका कार्यालयबाट लिइएको परिचयपत्र भएमा पाल्हीनन्दन गाउँपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखामा सक्कलै परिचयपत्र जम्मा गरी गाउँपालिकाबाट जारी गरिएको परिचयपत्र लिनुपर्ने ।

४. प्रकृया

४.१ मध्यम र सामान्य वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क स्वास्थ्य बीमा सेवाका बारेमा निवेदन पेश गर्न स्थानीय पत्रपत्रिका , एफ.एम. एवम् रेडियोहरु मार्फत प्रचार प्रसार गराईने छ ।

४.२ गाउँपालिकाको क्षेत्र भित्र स्थायी बसोबास गर्ने मध्यम र सामान्य वर्गको अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो परिवारका कम्तिमा ५ (पाँच)जनासम्म परिवारका

सदस्यको स्वास्थ्य बीमाका लागि सम्बन्धित वडाका बीमा परिचालक मार्फत बीमा गरेको रसिद, परिवारको नामावली साथै अपाङ्गता परिचयपत्रको प्रतिलिपी समेत राखी सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्ने ।

४.३ सम्बन्धित वडा कार्यालयमा बीमा परिचालकले बिमितका निवेदन संकलन गरी वडाको सिफारिस सहित गाउँपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा पठाउनु पर्ने छ ।

५. विविध

मध्यम र सामान्य वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गर्ने व्यक्तिले सरकारी /अर्धसरकारी एवं शिक्षण संस्थामा कार्यरत रही मासिक पारिश्रमिक/पेन्सन सुविधा प्राप्त गरिरहेका हकमा यो सुविधा उपलब्ध गराईने छैन ।

.....

बैजु प्रसाद गुप्ता
(अध्यक्ष)

बैजु प्रसाद गुप्ता(दिपक)
अध्यक्ष
पार्वतीकुण्ड गाउँपालिका